# भोटेकोशी आकस्मिक वाढीबाट प्रभावित नुवाकोट जिल्लाका विद्यालयहरूको प्रारम्भिक द्रुत मूल्याङ्कन प्रतिवेदन

**शिक्षा क्षेत्रअन्तर्गत Initial Rapid Assessment (IRA)**

शिक्षा तथा खेलकुद मन्त्रालयको नेतृत्वमा

मूल्याङ्कन टोली, नुवाकोट

मिति: २०८३ भाद्र १७ देखि २३ सम्म

## १. पृष्ठभूमि

शिक्षा तथा खेलकुद मन्त्रालयले भोटेकोशी आकस्मिक वाढीबाट भएको क्षतिको प्रारम्भिक अवस्था पहिचान गर्न Initial Rapid Assessment (IRA) का लागि स्थलगत कार्यटोली गठन गरेको थियो। उक्त उद्देश्य अनुसार नुवाकोट जिल्लामा मूल्याङ्कन टोली २०८३ भाद्र १७ गते परिचालन गरिएको थियो। मूल्याङ्कनको मुख्य उद्देश्य वाढीबाट शिक्षा क्षेत्रमा परेको प्रारम्भिक क्षति, प्रभावित विद्यालय, विद्यार्थी तथा शिक्षकको अवस्था र तत्काल आवश्यक शैक्षिक सहयोगको पहिचान गर्नु रहेको थियो।

## २. मूल्याङ्कनका उद्देश्य

• वाढीबाट व्यापक क्षति भएको शिक्षा क्षेत्रको प्रारम्भिक क्षतिको अवस्था मूल्याङ्कन गर्नु।

• प्रमुख रूपमा प्रभावित विद्यालयहरूको पहिचान गर्नु।

• KOBO Toolbox मार्फत संकलित सबै विवरण अभिलेखीकरण गर्नु।

. नुवाकोट जिल्ला अन्तर्गतका शैक्षिक सरोकारवालाहरुसँग छलफल गरि समस्याको पहिचान र निराकरणको उपाय पहिचान गर्नु ।

. जिल्ला स्तरमा शिक्षा समुह गठन गरि शिक्षा विकास समन्वय एकाइको नेतृत्वमा सिकाइ निरन्तरताका लागि वैकल्पिक ठाँउको पहिचानका विषयमा सुझाव दिने ।

## ३. मूल्याङ्कन टोली

| क्र.सं. | नाम | पद/संस्था |
|---|---|---|
| 1 | जीवन भण्डारी | निर्देशक, शिक्षा विभाग – टोली प्रमुख |
| 2 | रन्जित कुमार सिंह | इन्जिनियर, शिक्षा विभाग |

| | | |
|---|---|---|
| 3 | प्रकाश काफ्ले | इन्जिनियर, सामाजिक विकास कार्यालय, ललितपुर |
| 4 | सुमन पोखरेल | इन्जिनियर, शिक्षा विभाग |
| 5 | बालमुकुन्द नापित | राष्ट्रिय खेलकुद परिषद् |
| 6 | फर्सुराम पन्थ | शिक्षा अधिकृत, UNICEF |
| 7 | एलिशा ईसर | Infrastructure Supervisor/RWUA तथा प्रतिनिधि, Save the Children |
| 8 | लक्ष्मी पाठक | Senior Technical Advisor, Learn @Plan International Nepal |

## ४. प्रमुख गतिविधि तथा समन्वय

• EDCU तथा प्रभावित विद्यालयहरूसँग प्रारम्भिक बैठक गरी IRA का उद्देश्य प्रवोधिकरण गरियो। हालैको आकस्मिक वाढीबाट प्रभावित **१० प्रमुख विद्यालय, १ वटा प्राविधिक शिक्षालय, १ वटा क्याम्पस र १ वटा शैक्षिक तालिम केन्द्रको पहिचान गरिएको** र करिब १७७ शिक्षक तथा ३००८ विद्यार्थी प्रभावित भएको प्रारम्भिक विवरण प्राप्त भएको छ। तीमध्ये ११ शिक्षक र २२७ विद्यार्थी हालसम्म बेपत्ता रहेको, २ शिक्षक/कर्मचारी र ५ विद्यार्थिको मृत्यु भएको उल्लेख छ। यी तथ्याङ्क सम्बन्धित विद्यालयबाट अवस्था अनुकुल भएपछि पुनः प्रमाणीकरण गर्नुपर्नेछ।

• जिल्ला समन्वय समिति, नुवाकोटका प्रमुख रजिन्द्र विक्रम सिंह ठकुरी को संयोजकत्वमा EDCU प्रमुख, बिदुर नगरपालिकाका शिक्षा प्रमुख तथा मन्त्रालयको मूल्याङ्कन टोलीको सहभागितामा संयुक्त समन्वय बैठक सम्पन्न भयो। प्रत्येक विद्यालयबाट आवश्यक विवरण संकलन गरी KOBO Toolbox तथा IEMIS मा प्रविष्ट गर्ने र विद्यालय बन्द भएको अवस्थामा तत्काल शैक्षिक गतिविधि पुनः सञ्चालनका लागि आवश्यक सामग्री तथा वैकल्पिक व्यवस्थाबारे छलफल गरियो।

• सम्बन्धित विद्यालय प्रतिनिधिसँग समन्वय गरी क्षतिको विवरण संकलन तथा KOBO मा प्रविष्ट गर्न टोली गठन गरियो। धेरै विद्यालयसम्म भौतिक पहुँच अवरुद्ध भएकाले भौतिक तथा भर्चुअल दुवै माध्यमबाट सूचना संकलन सुरु गरियो।

• बिदुर नगरपालिकाका नगरप्रमुख र उपप्रमुखको उपस्थितिमा बैठक बसी विदुर नगरपालिकाका १ नं वडा अध्यक्ष एवं सामाजिक विकास समिति संयोजक लेनिन रंजितले बाढिवाट प्रभावित विद्यालयको अवस्थाका वारेमा धरातलिय यथार्थता प्रस्तुत गरि विद्यालयलाई Holding Centre का रूपमा प्रयोग गर्ने अवस्था न्यूनतम गर्न तथा वैकल्पिक व्यवस्था मिलाउने विषयमा सहमति भयो।

• EDCU प्रमुख तथा बिदुर नगरपालिकाका शिक्षा प्रमुखको समन्वयमा जिल्ला शिक्षा क्लस्टर गठन तथा सक्रिय गरिएको छ। सबै शिक्षा सहयोगी निकायलाई सिकाइ निरन्तरताका लागि आवश्यक सहयोग गर्न अनुरोध गरिएको छ र वाढीबाट गम्भीर रूपमा प्रभावित विद्यालयलाई प्राथमिकतामा राखिएको छ।

• सम्पूर्ण IRA कार्य भाद्र २१ गते भित्र सम्पन्न गरी सबै विवरण KOBO Toolbox मा प्रविष्ट गर्ने योजना रहेको छ।

## ५. Holding Shelter को अवस्था

नुवाकोट जिल्लामा जम्मा २२ वटा Holding Shelter स्थापना गरिएको छ । तीमध्ये १३ वटा विद्यालयलाई Shelter का रूपमा प्रयोग गरिएको छ।

## ६. प्रमुख चुनौतीहरू

• भोटेकोशी वाढीका कारण केही विद्यालय तथा संस्थाहरु वगरमा परिणत भएको हुनाले भौतिक संरचनाहरु पूर्ण रुपमा क्षती भएको ।

. वाढीका कारण पुलहरू बगाउँदा धैरै विद्यालयसम्म भौतिक पहुँच तथा सम्पर्क अवरुद्ध भएको छ।

• विद्यालय समुदाय आफैं प्रभावित भएकाले वास्तविक क्षतिको विवरण समन्वय तथा संकलन गर्न कठिनाइ भएको छ।

• केही विद्यालयका सदस्यहरू (प्र.अ., शिक्षक, कर्मचारी, वि.व्य.स.) ले परिवारका सदस्य तथा विद्यार्थी गुमाएका कारण अभिभावकसँग सम्पर्क गरी सूचना संकलन गर्न कठिनाइ भएको छ।

• विद्यार्थी, शिक्षक तथा अभिभावकको बेपत्ताको संख्या उल्लेख्य देखिएको छ।

• IEMIS का सूचकअनुसार विवरण प्राप्त गर्न कठिनाइ भएको छ। कतिपय विवरण IEMIS मा प्रविष्ट नभई म्यानुअल रूपमा राखिएको र ती कागजातहरू समेत वाढीले बगाएको अवस्था छ।

• शोक तथा अन्य मानवीय अवस्थाका कारण विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूबाट तत्काल तथ्याङ्क संकलन गर्न कठिनाइ भएको छ।

## ७. प्रारम्भिक विद्यालयगत निष्कर्ष

## क्षती पुगेका विद्यालयहरुको अवस्था :

| क्र.सं. | विद्यालय | प्रारम्भिक अवस्था/क्षति विवरण |
|---|---|---|
| 1 | क्षेत्रपाल आधारभूत विद्यालय, बिदुर-३ | २ भवन; १ आंशिक क्षति; ४ कक्षाकोठा पूर्ण क्षति; १ शौचालय पूर्ण क्षति; खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; करिब ६० मिटर कम्पाउण्ड प्रभावित; माटो/डेब्रिस; अनुमानित लागत १.५ करोड ।  |
| 2 | चेतना आधारभूत विद्यालय, बिदुर-१० | १ भवन पूर्ण क्षति; ५ कक्षाकोठा पूर्ण क्षति; १ शौचालय पूर्ण क्षति; खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; कम्पाउण्ड पूर्ण क्षति; माटो/डेब्रिस; अनुमानित लागत २.० करोड।  |

| | | |
|---|---|---|
| 3 | गणेशन सिंह स्मृति आधारभूत विद्यालय, तारकेश्वर-४ | २ भवन पूर्ण क्षति; ७ कक्षाकोठा पूर्ण क्षति र स्थानान्तरण आवश्यक; शौचालय पूर्ण क्षति; खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; अनुमानित लागत २.० करोड।  |
| 4 | पिमलटार माध्यमिक विद्यालय, तारकेश्वर-२ | ३ भवन; भवन पूर्ण क्षति छैन; खानेपानी प्रणाली क्षतिग्रस्त; जग्गा प्रयोगयोग्य; Retaining Wall लाई समर्थन आवश्यक; अनुमानित लागत १.५ करोड।  |

| | | |
|---|---|---|
| 5 | त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय, बिदुर-१ | १३ भवन पूर्ण क्षति; ९२ कक्षाकोठा पूर्ण क्षति; २ Lab भवन/६ कोठा; पुस्तकालय तथा भान्सा पूर्ण क्षति; शौचालय तथा खानेपानी प्रणाली पूर्ण क्षति; सडक सम्पर्क विच्छेद; विद्यालय स्थानान्तरण आवश्यक; अनुमानित लागत १५० करोड।  |
| 6 | त्रिशूली कम्युनिटी बोर्डिङ स्कुल | ५ भवन पूर्ण क्षति; २५ कक्षाकोठा पूर्ण क्षति; शौचालय तथा खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; विद्यालय स्थानान्तरण आवश्यक; अनुमानित लागत १० करोड।  |

| | | |
|---|---|---|
| 7 | उत्तरगया बोर्डिङ, बिदुर-१० | ७ भवन पूर्ण क्षति; ३२ कक्षाकोठा पूर्ण क्षति; खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; विद्यालय स्थानान्तरण आवश्यक; अनुमानित लागत ४० करोड।  |
| 8 | पोष्ट वहादुर बोगटी प्राविधिक विद्यालय, बिदुर-१ | ४ भवन; ४० कक्षाकोठा नदी कटानको उच्च जोखिममा; शौचालय पूर्ण क्षति; खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; विद्यालय स्थानान्तरण आवश्यक; प्रारम्भिक अनुमानित लागत ५० करोड।  |

| | | |
|---|---|---|
| 9 | रामचन्द्र आधारभूत विद्यालय, बिदुर-१० | ३ भवन; २२ कक्षाकोठा पूर्ण क्षति; शौचालय तथा खानेपानी प्रणाली क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; विद्यालय स्थानान्तरण आवश्यक; अनुमानित लागत २० करोड (मूल प्रतिवेदनमा क्रम/विवरण केही असंगत)।<br> |
| 10 | चण्डेश्वरी माध्यमिक विद्यालय, बिदुर-७ | १४ भवनमध्ये ४ पूर्ण क्षति र १० प्रयोगयोग्य; कुल कक्षाकोठा संख्या ३३ सोमध्ये ८ कक्षाकोठा पूर्ण क्षति; खानेपानी प्रणाली तथा शौचालय क्षतिग्रस्त; सडक सम्पर्क विच्छेद; अनुमानित लागत २० करोड (मूल प्रतिवेदनमा केही विवरण दोहोरिएको/असंगत)।<br> |

| | | |
|---|---|---|
| | | |
| 11 | रणभूमेश्वरी माध्यमिक विद्यालय, बिदुर-३ | ३ भवन; २७ कक्षाकोठा; नदीबाट अत्यन्त जोखिमयुक्त; करिब २०० मिटर Retaining Wall र ३०० मिटर Compound Wall आवश्यक; अनुमानित लागत २.५ करोड ।  |
| 12 | त्रिभुवन त्रिशूली बहुमुखी कलेज, बिदुर-१ | ७ भवन पूर्ण क्षति; १९ कक्षाकोठा पूर्ण क्षति; १४ प्रशासनिक लगायत अन्य पूर्ण क्षति; शौचालय तथा खानेपानी प्रणाली पूर्ण क्षति; सडक सम्पर्क विच्छेद; कलेज स्थानान्तरण आवश्यक; अनुमानित लागत १५ करोड ।  |

| | | |
|---|---|---|
| 13 | विस्तारित शिक्षा तालिम इकाइ, बिदुर-१ | ३ भवन पूर्ण क्षति; ३ तालिम हल पूर्ण क्षति; २४ कोठा छात्रावास/क्वाटर/प्रशासनिक कोठा अन्य पूर्ण क्षति; शौचालय तथा खानेपानी प्रणाली पूर्ण क्षति; सडक सम्पर्क विच्छेद; तालिम इकाइ स्थानान्तरण आवश्यक; अनुमानित लागत १० करोड ।  |

## भौतिक क्षतीको साराशं

| क्र.सं. | विद्यालय | प्रारम्भिक अवस्था | | | | | क्षति भएको कोठाहरुको संख्या | | | विद्यालयको वाहीरी वातावरण सुधारमा भएको क्षती | | | क्षितिको अनुमानित लागत रु लाखमा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भवन संख्या | जम्मा कोठा संख्या | कक्षा कोठा संख्या | प्रशासनिक /Lab/ICT तथा अन्य कोठा संख्या | शौचालय संख्या | पूर्ण क्षती | गम्भिर क्षती | आशिंक क्षती | शोचालय कोठा संख्या | घेराबार मी. | खानेपानी | भवन/घेरा बार/खाने पानी/फर्नि चर आदि | जग्गा | जम्मा क्षती | |
| 1 | छेत्रपाल आधारभूत विद्यालय, बिदुर-३ | 2 | 10 | 8 | 2 | 3 | | 4 | | 3 | 60 | 1 | 100 | 0 | 100 | ४ कोठे भवनमा लेदो पसी कोठाहरुमा गम्भिर क्षती भएको |
| 2 | चेतना आधारभूत विद्यालय, बिदुर-१० | 1 | 5 | 4 | 1 | 2 | 5 | | | 2 | | 1 | 200 | 50 | 250 | ५ कोठे भवन सहित सबै वाढीले लगेको |
| 3 | गणेशन सिंह स्मृति आधारभूत विद्यालय, तारकेश्वर-४ | 2 | 7 | 6 | 1 | 2 | 7 | | | 2 | | 1 | 250 | 50 | 300 | २ वटा भवन भित्र लेदो पसेको । हाल नदिको किनारमै रहेकोले स्थान्तरण आवश्यक |
| 4 | पिमलटार माध्यमिक विद्यालय, तारकेश्वर-२ | 3 | 19 | 11 | 8 | 6 | | | | | | 1 | 150 | 0 | 150 | विद्यालय भवन छेउमा नदिले कटान गरेको हुनाले रिटेनिङ वाल लगाउनुपर्ने । |
| 5 | त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय, बिदुर-१ | 13 | 130 | 92 | 38 | 2 | 130 | | | 12 | 700 | 5 | 10000 | 5000 | 15000 | विद्यालय पुरै बाढिले लगेको |
| 6 | त्रिशूली कम्युनिटी बोर्डिङ स्कुल | 5 | 27 | 25 | 2 | 1 | 27 | | | 4 | 400 | 1 | 500 | 500 | 1000 | विद्यालय पुरै बाढिले लगेको |
| 7 | उत्तरगया बोर्डिङ, बिदुर-१० | 3 | 35 | 20 | 15 | 2 | 35 | | | 6 | 600 | 1 | 3000 | 1000 | 4000 | विद्यालय पुरै बाढिले लगेको |
| 8 | रामचन्द्र आधारभूत विद्यालय, बिदुर-१० | 3 | 22 | 17 | 5 | 1 | 22 | | | 4 | 150 | 1 | 1500 | 500 | 2000 | विद्यालय पुरै बाढिले लगेको |
| 9 | चण्डेश्वरी माध्यमिक विद्यालय, बिदुर-७ | 14 | 33 | 24 | 9 | 3 | 8 | | | 9 | 150 | 2 | 2000 | 0 | 2000 | विद्यालय भवनसम्ममा नदिले कटान गरेको |
| 10 | रणभूमेश्वरी माध्यमिक विद्यालय, बिदुर-३ | 3 | 27 | 20 | 7 | 2 | | | | | | | 250 | 0 | 250 | विद्यालय भवन छेउमा नदिले कटान गरेको हुनाले रिटेनिङ वाल लगाउनुपर्ने । |
| 11 | पोष्ट वहादुर बोगटी प्राविधिक विद्यालय, बिदुर-१ | 4 | 54 | 40 | 14 | 2 | | | | | | | 5000 | 0 | 5000 | विद्यालय भवन छेउमा नदिले कटान गरेको हुनाले विद्यालय सार्नुपर्ने । |
| 12 | त्रिभुवन त्रिशूली बहुमुखी कलेज, बिदुर-१ | 7 | 33 | 19 | 14 | 2 | 33 | | | 2 | 100 | 1 | 1200 | 300 | 1500 | क्यम्पस पुरै बाढिले लगेको |
| 13 | विस्तारित शिक्षा तालिम इकाइ, बिदुर-१ | 3 | 27 | 3 | 24 | 2 | 27 | | | 6 | 50 | 1 | 700 | 300 | 1000 | तालिम इकाइ पुरै बाढिले बगाएको |
| | **जम्मा** | **63** | **429** | **289** | **140** | **30** | **294** | **4** | **0** | **50** | **2210** | **16** | **24850** | **7700** | **32550** | |

## वाढीवाट प्रभावित मानवीय अवस्था :

| क्र.सं. | विद्यालय | जम्मा संख्या | | बाढिबाट प्रभावित संख्या | | हराइरहेको संख्या | | मृतक संखया | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यार्थि | शिक्षक / कर्मचारी | विद्यार्थि | शिक्षक / कर्मचारी | विद्यार्थि | शिक्षक / कर्मचारी | विद्यार्थि | शिक्षक / कर्मचारी | |
| 1 | छेत्रपाल आधारभूत विद्यालय, बिदुर-३ | 45 | 8 | 43 | 3 | 0 | 0 | 0 | 0 | |
| 2 | चेतना आधारभूत विद्यालय, बिदुर-१० | 15 | 3 | 1 | 1 | 1 | 0 | 0 | 0 | |
| 3 | गणेशन सिंह स्मृति आधारभूत विद्यालय, तारकेश्वर-४ | 21 | 3 | 21 | 3 | 0 | 0 | 0 | 0 | |
| 4 | पिमलटार माध्यमिक विद्यालय, तारकेश्वर-२ | 215 | 15 | 0 | 1 | 0 | 0 | 0 | 0 | |
| 5 | त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय, बिदुर-१ | 1643 | 62 | 1643 | 62 | 1 | 1 | 0 | 0 | |
| 6 | त्रिशूली कम्युनिटी बोर्डिङ स्कुल | 220 | 21 | 110 | 6 | 1 | 0 | 0 | 0 | |
| 7 | उत्तरगया बोर्डिङ, बिदुर-१० | 265 | 19 | 265 | 19 | 130 | 10 | 5 | 0 | |
| 8 | पोष्ट वहादुर बोगटी प्राविधिक विद्यालय, बिदुर-१ | 243 | 19 | 110 | 3 | 0 | 0 | 0 | 0 | |
| 9 | रामचन्द्र आधारभूत विद्यालय, बिदुर-१० | 148 | 14 | 148 | 14 | 79 | 0 | 0 | 0 | |
| 10 | चण्डेश्वरी माध्यमिक विद्यालय, बिदुर-७ | 600 | 40 | 302 | 31 | 12 | 0 | 0 | 1 | |
| 11 | रणभूमेश्वरी माध्यमिक विद्यालय, बिदुर-३ | 302 | 34 | 15 | 20 | 0 | 0 | 0 | 0 | |
| 12 | त्रिभुवन त्रिशूली बहुमुखी कलेज, बिदुर-१ | 350 | 14 | 350 | 14 | 3 | 0 | 0 | 0 | |
| 13 | विस्तारित शिक्षा तालिम इकाइ, बिदुर-१ | 600 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2082/83 को विवरण |
| | **जम्मा** | **4667** | **255** | **3008** | **177** | **227** | **11** | **5** | **1** | |

## ८. आगामी कार्यदिशा तथा सिफारिस

• शिक्षा क्षेत्रका सबै सरोकारवालाबीच संयुक्त समन्वय र प्रभावकारी प्रतिकार्यका लागि जिल्ला शिक्षा क्लस्टरलाई थप सुदृढ गर्नुपर्छ।

• वाढीपछि सबै विद्यालय बन्द भएकाले बालबालिकाको सिकाइमा परेको अवरोधलाई तत्काल सम्बोधन गर्दै सम्भव भएसम्म चाँडो सिकाइ क्रियाकलाप पुनः सञ्चालन गर्नुपर्छ। केही विद्यालय वाढीबाट प्रत्यक्ष प्रभावित नभए पनि Holding Shelter का रूपमा प्रयोग हुँदा गम्भीर रूपमा प्रभावित भएका छन्; तिनका लागि समेत वैकल्पिक व्यवस्था आवश्यक छ।

• गम्भीर रूपमा प्रभावित तथा सम्पर्कविहीन विद्यालयहरूमा बजार, शैक्षिक सेवा र आपूर्तिमा पहुँचको अभावलाई ध्यानमा राखी वैकल्पिक माध्यमबाट आवश्यक सामग्री तथा सेवा पुर्‍याउनुपर्छ।

• अचानक आएको विपद्बाट प्रभावित विद्यार्थी, शिक्षक, अभिभावक तथा विद्यालय समुदायका लागि मनोसामाजिक सहयोग उपलब्ध गराउनुपर्छ।

• तत्काल शिक्षा प्रतिकार्य योजना बनाई आवश्यकताका आधारमा विद्यालयहरूलाई क्रमबद्ध प्राथमिकता दिनुपर्छ।

• अत्यन्त क्षतिग्रस्त विद्यालयमा आकस्मिक सामग्री पुर्‍याउन पहुँच नभएकाले वैकल्पिक ढुवानी तथा सहयोगका उपाय अपनाउनुपर्छ।

• बाढिवाट प्रभावितहरुलाइ विद्यालयबाट अन्यत्र स्थानान्तरण गरिसकेपछि Holding Shelter का रूपमा प्रयोग भएका विद्यालयहरूमा सरसफाइ तथा Disinfection लाई प्राथमिकताका साथ सञ्चालन गरी विद्यालयलाई सुरक्षित र स्वस्थ वातावरणमा पुनः सञ्चालन गर्नुपर्छ।

## ९. निष्कर्ष

प्रारम्भिक द्रुत मूल्याङ्कनबाट नुवाकोट जिल्लाका प्रभावित विद्यालय/क्याम्पस/प्राविधिक शिक्षालय तथा शैक्षिक तालिम केन्द्रहरूमा भवन, कक्षाकोठा, शौचालय, खानेपानी, कम्पाउण्ड तथा पहुँच पूर्वाधारमा उल्लेख्य क्षति भएको देखिएको छ। केही पूर्ण रूपमा क्षतिग्रस्त भई तत्काल स्थानान्तरण आवश्यक देखिन्छ भने केहीमा सामान्य मर्मत तथा संरचनागत सुधारपछि सञ्चालन गर्न सकिने अवस्थामा छन्। तथापि, यस प्रतिवेदनमा उल्लेखित विद्यार्थी, शिक्षक, बेपत्ता तथा क्षतिको तथ्याङ्क प्रारम्भिक भएकाले सम्बन्धित विद्यालय तथा आधिकारिक अभिलेखबाट प्रमाणीकरण गरी KOBO Toolbox/IEMIS मा अद्यावधिक गर्न आवश्यक छ।

**प्रतिवेदकहरु**

| क्र.सं. | नाम | पद/संस्था | हस्ताक्षर |
|---|---|---|---|
| 1 | जीवन भण्डारी | निर्देशक, शिक्षा विभाग – टोली प्रमुख | |
| 2 | रन्जित कुमार सिंह | इन्जिनियर, शिक्षा विभाग | |
| 3 | प्रकाश काफ्ले | इन्जिनियर, सामाजिक विकास कार्यालय, ललितपुर | |
| 4 | सुमन पोखरेल | इन्जिनियर, शिक्षा विभाग | |
| 5 | बालमुकुन्द नापित | राष्ट्रिय खेलकुद परिषद् | |
| 6 | फर्सुराम पन्थ | शिक्षा अधिकृत, UNICEF | |
| 7 | एलिशा ईसर | Infrastructure Supervisor/RWUA तथा प्रतिनिधि, Save the Children | |
| 8 | लक्ष्मी पाठक | Senior Technical Advisor, Learn @Plan International Nepal | |

**स्थलगत भ्रमणका क्रममा खिचिएका केही तस्बिरहरू**





